आज मिति २०८३ साल जेठ २० गते दिनको १० : ०० बजे सुनिलस्मृति गाउँपालिकाका अध्यक्ष श्री मणिराम वुढाथोकीज्यूको अध्यक्षतामा, गाउँ कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा आ.व. २०८२/०८३ को चौधौं गाउँ कार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथी छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिती :**

| क्र.सं. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री मणिराम वुढाथोकी | गाउँपालिका अध्यक्ष | |
| २ | श्री मिना थापा | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री पवन कुमार कवर | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री नेत्र बहादुर गिरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री दुर्गा बहादुर विष्ट | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री ओविलाल बस्नेत | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री मणि थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री लोकेन्द्र बहादुर थापा | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रेशम शर्मा | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री धनराज रोका | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री रितादेवी थापा | कार्यपालिका सदस्य वडा नं. ३ | |
| १२ | श्री निर्मला पुनमगर | कार्यपालिका सदस्य वडा नं. ४ | |
| १३ | श्री अनिता थापा | कार्यपालिका सदस्य वडा नं. ६ | |
| १४ | श्री इन्द्रा रोकामगर | कार्यपालिका सदस्य वडा नं. ८ | |
| १५ | श्री तुल्सी सुनार | कार्यपालिका सदस्य वडा नं. १ | |
| १६ | श्री नेमलाल दमाई | कार्यपालिका सदस्य वडा नं. ७ | |
| १७ | श्री नगेन्द्र प्रसाद रिजाल | सचिव, प्रमुख प्रशासकीय अधिकृत | |
| **सहयोगी कर्मचारीहरु** | | | |
| १ | रनवीर वुढा | सहायक प्रशासकीय अधिकृत | |
| २ | टंक बहादुर पुन | बरिष्ठ लेखा सहायक | |
| ३ | दुर्योधन महरा | सहायक कम्प्यूटर अपरेटर | |
| ४ | गण बहादुर थापा | सहयोगी | |

मणिराम वुढाथोकी
अध्यक्ष

## चौधौं गाउँ कार्यपालिका बैठकका प्रस्तावहरु :

१. समीक्षा सम्बन्धमा ।
२. जलश्रोत उपयोग अनुमती सम्बन्धमा ।
३. मिडिया प्रवर्द्धन सम्बन्धमा ।
४. सोझै खरिद सम्बन्धी कार्यसञ्चालन विधि स्वीकृत सम्बन्धमा ।
५. उपभोक्ता समिति मार्फत योजना तथा कार्यक्रम संचालन सम्बन्धी कार्यसञ्चालन विधि स्वीकृत सम्बन्धमा ।
६. वस्तीस्तरको योजना तथा कार्यक्रम छनौट सम्बन्धमा ।
७. विविध छलफल सम्बन्धमा ।

## २०८३ जेठ २० गते बसेको चौधौं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

| प्रस्ताव नं. | प्रस्ताव | संक्षिप्त व्यहोरा | प्रस्तावित निर्णय | निर्णय |
|---|---|---|---|---|
| १. | समिक्षा सम्बन्धमा । | अघिल्ला कार्यपालिका बैठकहरुको समिक्षा गर्न आवश्यक रहेको । | गाउँ कार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरु समिक्षा गरियो ।कार्यान्वयन गर्न बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| २ | जलश्रोत उपयोग अनुमती सम्बन्धमा । | स्थानीय गाउँ जलश्रोत समितिको मिति २०८३/०२/०४ गतेको निर्णयानुसार प्रकाशित सूचना बमोजिम तोकिएको म्याद भित्र सरोकारवालाहरुको फरक दावि नपरेको हुदाँ जलश्रोत उपयोग अनुमति प्रत्र प्रदान गर्न उपयुक्त रहेको । | सुनिलस्मृति गाउँपालिकाको मिति २०८३/०२/०५ गतेको जलश्रोत मुहान दर्ता सम्बन्धी सूचना बमोजिम तोकिएको म्याद भित्र कुनै प्रकारका निवेदन दर्ता हुन नआएको हुदाँ तपसिल बमोजिमका जल उपभोक्ता समितिहरुलाई जलश्रोत उपयोग अनुमती पत्र प्रदान गर्ने ।<br>तपसिल<br>क) तल्लोखारा खानेपानी उपभोक्ता तथा सरसफाई समिति वडा नं. ३<br>ख) सल्लेखर्क पाखापानी खानेपानी उपभोक्ता तथा सरसफाई समिति वडा नं. ८ | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |

२०८३।०२।२०

नगेन्द्र प्रसाद रिजाल
प्रमुख प्रशासकीय अधिकृत

मीनराज बुढाथोकी
अध्यक्ष

| | | | | |
|---|---|---|---|---|
| ३ | मिडिया प्रवर्द्धन सम्बन्धमा । | मिडिया प्रवर्द्धन कार्यक्रम कार्यान्वयन गर्न आवश्यक रहेको । | चालु आर्थिक वर्षको वार्षिक स्वीकृत कार्यक्रम **"मिडिया प्रवर्द्धन कार्यक्रम"** कार्यान्वयन गर्न आवश्यक रहेको तथा उक्त कार्यक्रम कार्यान्वयनका लागि मालश्री ग्रुप मिडिया प्रा.लि. (रेडियो सभ्यता ९९.५ मेगाहर्ज)बाट माग भई आएको हुदाँ स्वीकृत वजेटको अधिनमा रही माग भए बमोजिमको सामाग्री उपलब्ध गराउने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ४ | सोझै खरिद सम्बन्धी कार्यसञ्चालन विधि स्वीकृत सम्बन्धमा । | गाउँपालिकाकालाई आवश्यक रहेको **"सोझै खरिद सम्बन्धी कार्यसञ्चालन विधि"** स्वीकृत गर्न आवश्यक रहेको । | मिति २०८३/०२/०५ मा कानुन मस्यौदा समितिको वैठकबाट छलफल भई सिफारिस भएको **"सोझै खरिद सम्बन्धी कार्यसञ्चालन विधि"** स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्तांव पारित गर्ने" निर्णय गरियो । |
| ५ | उपभोक्ता समिति मार्फत योजना तथा कार्यक्रम संचालन सम्बन्धी कार्यसञ्चालन विधि स्वीकृत सम्बन्धमा । | गाउँपालिकाकालाई आवश्यक रहेको **"उपभोक्ता समिति मार्फत योजना तथा कार्यक्रम संचालन सम्बन्धी कार्यसञ्चालन विधि"** स्वीकृत गर्न आवश्यक रहेको । | मिति २०८३/०२/०६ मा कानुन मस्यौदा समितिको वैठकबाट छलफल भई सिफारिस भएको **"उपभोक्ता समिति मार्फत योजना तथा कार्यक्रम संचालन सम्बन्धी कार्यसञ्चालन विधि"** स्वीकृत गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ६ | वस्तीस्तरको योजना तथा कार्यक्रम छनौट सम्बन्धमा । | आगामी आर्थिक वर्षका लागि सञ्चालित योजना तथा कार्यक्रमहरु छनौट गर्न आवश्यक रहेको । | आगामी आर्थिक वर्षमा सञ्चालित हुनका लागि वस्तीस्तरका योजना तथा कार्यक्रमहरु सवै वडाहरुबाट मिति २०८३ जेठ मसान्तसम्म छनौट गाउँ कार्यपालिकाको कार्यालयमा पठाउन सवै वडा कार्यालयहरुलाई निर्देशन गर्ने । | "पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |
| ७ | विविध छलफल सम्बन्धमा । | प्रस्ताव भित्र नपरेका अध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरुबाट प्रस्तावित प्रस्तावहरु निर्णय गर्न आवश्यक देखिएको ।<br>**क)** रोल्पा कला-साहित्य प्रतिष्ठानलाई भुक्तानी गर्ने सम्बन्धमा ।<br><br>**ख)** स्वास्थ्य चौकी भवन निर्माण सम्बन्धमा । | **क)** रोल्पा कला-साहित्य प्रतिष्ठानलको मिति २०८३ बैशाख १९ र २० गते थबाङ गाउँपालिका वडा नं. २ मा दुई दिने **'प्रगतिशिल् सङ्गित उत्सव-२०८३'** सम्पन्न भई कार्यक्रम सम्पन्नता प्रतिवेदन पेश र रकम निकासा सम्बन्धी मिति २०८३ जेठ ५ गतेको प्राप्त पत्रानुसार मिति २०८३ बैशाख १० गते बसेको बाह्रौं कार्यपालिका वैठकको निर्णयानुसार गर्ने ।<br>**ख)** हालको गजुल स्वास्थ्य चौकी भवन जीर्ण रहेको हुदाँ सो भवन भत्काई स्वीकृत DPR बमोजिम निर्माण कार्य अघि बढाउने । DPR ढिलो गरी प्राप्त भएकाले हाल विनियोजित वजेटबाट सिलबन्दी दरभाउ पत्रको माध्यमबाट निर्माण कार्य अघि बढाउने र DPR बमोजिमको बाँकी निर्माण कार्यको लागि श्रोत सुनिश्चितता गर्ने । | "पेश भए बमोजिम प्रस्तांव पारित गर्ने" निर्णय गरियो ।<br><br>"पेश भए बमोजिम प्रस्ताव पारित गर्ने" निर्णय गरियो । |